# नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय नेपाली स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका निम्ति
रत्नराज्यलक्ष्मी क्याम्पस (प्रदर्शनीमार्ग काठमाडौं) नेपाली विभागमा प्रस्तुत

## अध्ययनपत्र


प्रस्तोता

**निमा ढकाल**

त्रि.वि. दर्ता नं.११५६२-८३
त्रिभुवन विश्वविद्यालय
व्यक्तिगत (प्राइभेट) परीक्षार्थी


शैक्षिक सत्र :- २०५९/६१

# स्वीकृति–पत्र

त्रि.वि. मानविकी सङ्काय अन्तर्गत स्नातकोत्तर तह (नेपाली) द्वितीय बर्षको दसौं पत्रको आंशिक प्रयोजनका निम्ति प्राइभेट परीक्षार्थीका रूपमा रही **श्री निमा ढकाल**ले तयार पार्नुभएको **नेपाली भाषामा प्रचलित नारी विषयक उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** नामक शीर्षकको अध्ययन-पत्र सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

.......................

**हरिप्रसाद पराजुली**

(विभागीय प्रमुख)

......................

**नेत्रमणि सुवेदी**

(वाह्य परीक्षक)

# कृतज्ञता ज्ञापन

लोकसमाजको अभिन्न अङ्गका रूपमा जन्मिएको, हुर्किएको, फैलिएको र मौलाएको नेपाली उखान लोकसाहित्यको उर्वर विधा हो । उखान सामान्यतया समाजका हरेक सदस्यहरूले मनपराउँछन् । कसैलाई केही कुरा भन्नुपर्‍यो भने त्यसलाई सिधा रूपमा नभनीकन घुमाउरो पाराले उखानको माध्यमबाट केही कुरा व्यक्त गर्न सकिन्छ । यसको प्रयोग गर्दा मानिसले सुन्दा राम्रो पनि सुनिने तर आफ्नो कुरा पनि पुग्ने हुँदा उखान समाजमा साह्रै लोकप्रिय छ । उखानमा समाजका विभिन्न अत्यन्त आवश्यक ठानिएका र मानिएका उपदेश र नीतिका कुराहरू, धार्मिक, सामाजिक, सांस्कृतिक एवं, कृषि आदि कुराहरू पनि समाविष्ट भएका हुन्छन् ।

बदलिँदो सामाजिक परिवेशलाई नियाल्दा लोकसमाजले जोगाइराखेको यस्तो विधालाई लिपिवद्ध गरी सुरक्षित गर्ने मनसाय जागेको हुँदा हामी सबैलाई उपयोगी हुने यस विधालाई खोज गर्ने इच्छा मलाई पनि लागेको थियो । यसमा पनि नेपाली समाजमा नारीहरूलाई अपहेलित गर्ने र ग्रामीण क्षेत्रमा त झन् नारीको स्थान नै नभएको जस्तो परिवेश भएको हुँदा र थोरै मात्र नारीको महत्त्व गाउने संस्कृतिलाई केही मात्रामा उजागर गर्नका लागि मैले आफ्नो अध्ययनको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र पूरा गर्ने क्रममा मैंले आफ्नो यही धोको अलिकति भएपनि पूरा गर्ने प्रयास गरेकी हुँ । यस सन्दर्भमा **काठमाडौं उपत्यकामा प्रचलित नारीविषयक उखानहरू** भन्ने क्षेत्रमा अनुसन्धान गर्ने भावना पनि ममा जागृत भयो ।

नेपालको परिप्रेक्ष्यमा हरेक समाज र सामाजिक प्राणीहरू यस विधाका लागि उर्वर भूमि भएपनि मैंले काठमाडौं उपत्यकामा प्रचलित नारीलाई अवहेलना र अपमान गरिएका, नारीहरू महत्वहीन बन्न पुगी समाजबाट टाढिएका र नारीलाई कुनै-कुनै बेलामात्र महत्व दिइएका

कुराहरू समावेश गरी **नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरू** शीर्षक दिई नारी सम्बन्धित उखानहरू सङ्कलन गरी यिनीहरूलाई सुरक्षित गर्ने तर्फ आफूलाई डोऱ्याएँ ।

हुन त कुनै पनि कामहरू सजिला हुँदैनन् । यसका लागि परिश्रमको आवश्यकता पनि पर्दछ । गर्दै गएपछि राम्रा हुँदैनन् भन्न पनि सकिन्न । त्यसैले यस्ता काम गर्न हौसला र प्रेरणा लिई आवश्यक मार्गनिर्देश गर्ने व्यक्तिको ज्यादै ठूलो भूमिका र महत्व रहेको हुन्छ ।

प्रस्तुत अध्ययनपत्रलाई पनि यस किसिमको रूपमा ल्याउन मेरा आदरणीय विद्वान् गुरू प्राध्यापक श्री केशव सुवेदीज्यूको उचित निर्देशनलाई मैले कदापि बिर्सन सक्दिन । त्यसैले सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनपत्रको निर्माणका क्रममा ज्यादै महत्वपूर्ण सरसल्लाह, प्रेरणा दिई उत्साहलाई अझ झरिलो र भरिलो बनाई लेखाइमा देखिएका कतिपय कुराहरूलाई परिमार्जित गर्न सहयोग प्रदान गर्नुहुने प्राज्ञ गुरू हरिप्रसाद पराजुली प्रति हार्दिक कृतज्ञता ज्ञापन नगरी रहन सक्दिन । उखान टुक्काका संकलनका क्रममा आफूलाई आएका र थाहा भएका उखानहरू भनिदिएर सहयोग पुऱ्याइदिनुहुने सबै वक्ताहरू, जसलाई मैले उखानको सन्दर्भमा स्मरण गरिसकेको छु । यहाँहरू सबैप्रति पनि म आफ्नो कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनका क्रममा आइपर्ने आर्थिक, वौद्धिक, शारीरिक एवं अन्य सवै किसिमका समस्याहरूलाई समाधान गरी निर्वाध रूपमा अगाडि बढ्न सधैं उत्साहित तुल्याइदिने मेरा श्रीमान् कृष्णराज ढकाललाई जति कृतज्ञता ज्ञापन गरेपनि कमै हुन्छ ।

यस अध्ययनपत्र तयार पार्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराइदिने सम्पूर्ण महानुभावमा म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो अध्ययनपत्र यस किसिमबाट तयार पार्न

सक्ने अवस्थामा मलाई ल्याइपुऱ्याउनमा सहभागी हुने र उत्साह जुटाइदिने मेरा थुप्रै अग्रज, सहृदयी साथी र आत्मीय मित्रहरू पनि हुनुहुन्छ ।

आवश्यक पर्दा सामग्री सङ्कलनमा उत्साह थपिदिने र मसँग नै खटिने मेरा आफन्तहरूलाई पनि म कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनपत्रमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने मेरी आमा श्रीमती स्वास्थानी पाण्डे, श्रीमान् कृष्णराज ढकाल, छोरी निर्विजा ढकाल, छोरा निर्वेश ढकाल, प्रति म आभारी छु । यस अध्ययन प्रतिवेदनलाई कम्प्युटर टाईपका साथै आवश्यक सेटिङ्ग गरी गरी प्रिन्ट गरिदिने मेरा भाई तोयनारायण तिवारी पनि धन्यवादका पात्र बन्नुभएको छ ।

अन्तमा म यस अध्ययन कार्यको आवश्यक मूल्याङ्कनार्थ रत्नराज्यलक्ष्मी क्याम्पसको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

– **निमा ढकाल**

मिति : २०६४/०५/२०

# विषय सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| | **पहिलो परिच्छेद** | **१-५** |
| १. | अध्ययनपत्रको परिचय | १ |
| १.१ | अध्ययनको शीर्षक | १ |
| १.२ | अध्ययनपत्रको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | अध्ययन पत्रको औचित्य | ४ |
| १.८ | अध्ययनपत्रको सीमाङ्कन | ४ |
| १.९ | अध्ययनविधि | ५ |
| १.१० | अध्ययनको रूपरेखा | ५ |
| | **दोस्रो परिच्छेद** | **६-२४** |
| २. | उखानको सैद्धान्तिक परिचय | ६ |
| २.१ | लोक शब्दको व्युत्पत्ति र अर्थ | ६ |
| २.२ | लोकसाहित्य शब्दको बनोट र तात्पर्य | ७ |
| २.३ | लोकसाहित्यको परिचय | ७ |
| २.४ | लोकसाहित्यको वर्गीकरण | ९ |
| २.५ | उखानको परिचय | १० |

२.६ उखानको उत्पत्ति र विकास १२
२.६.१ सांस्कृतिक परिवेश १३
२.६.२ ऐतिहासिक परिवेश १३
२.६.३ विशिष्ट उक्ति १४
२.६.४ पौराणिक स्रोत १४
२.६.५ लोककथात्मक स्रोत १५
२.६.६ कृषि स्रोत १५
२.६.७ स्थानीय स्रोत १५
२.६.८ सामाजिक स्रोत १५
२.७ उखानको स्वरूप १५
२.८ उखानको महत्व १६
२.९ उखानका विशेषता १७
२.९.१ संक्षिप्तता १९
२.९.२ लोकप्रियता र जीवन्तता १९
२.९.३ सारगर्भितता २०
२.९.४ सरलता र सरसता २०
२.९.५ स्पष्टता २०
२.९.६ लोकानुभवको गहनता २०
२.९.७ सजीवता २१
२.९.८ सार्वभौमिकता र सार्वकालिक अभिव्यक्ति २१
२.९.९ प्रभावोत्पादकता २१
२.९.१० रूपविविधता २२
२.९.११ जातीय जीवनको सत्य २२
२.१० रूपात्मक वर्गीकरण २२
(क) शब्दशक्ति २३

(ख) विषयात्मक वर्गीकरण २४

## तेस्रो परिच्छेद २५-३०

३. नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन २५
३.१ परिचय २५
३.२ नारीसम्बन्धी उखानहरूको सङ्कलन २५

## चौथो परिच्छेद ३१-४५

४. सङ्कलित उखानहरूको वर्गीकरण र विश्लेषण ३१
४.१ सङ्कलित उखानहरूको वर्गीकरण ३१
४.२ सङ्कलित उखानहरूको विश्लेषण ३१
४.२.१ पारिवारिक जीवनसँग सम्बन्धित उखानहरू ३१
(क) विवाह भई माइतीमा आएका नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू ३२
(ख) सधवा नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू ३३
(ग) विधवा महिलाहरूलाई विषयवस्तु बनाइएका उखानहरू ३४
(घ) लोग्नेस्वास्नीसँग सम्बन्धित उखानहरू ३५
(ङ) सौता सौता बीचको द्वन्दको चित्रण गरिएका उखानहरू ३६
(च) नारीका विभिन्न उमेर र अवस्थासँग सम्बन्धित उखानहरू ३७
(छ) सामाजिक र सांस्कृतिक रीतितिथि सँग सम्बन्धित उखानहरू ४१
(ज) लोकविश्वास र जीवनदर्शनसँग सम्बन्धित उखानहरू ४३
(झ) शोषण, दमन र मानसिक पीडा सम्बन्धित उखानहरू ४४

## पाँचौ परिच्छेद ४६-४८

५. निष्कर्ष ४६
सन्दर्भसामग्रीसूची ४९